# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

**कार्यालय र स्थानः  श्री छिन्नमस्ता गाउँपालिका,  गाउँ कार्यपालिकाको कार्यालय, छिन्नमस्ता, सप्तरी ।**

आर्थिक वर्ष : २०७४।७५

| पदाधिकारी | | अवधि | | वेरुजू रकम |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| **प्रमुख प्रशासकिय अधिकृत** | श्री रमेश प्रसाद यादव | २०७४।०४।०१ | २०७५।०३।३२ | |
| | श्री अरविन्द कुमार चौधरी | हाल | | |
| **आर्थिक प्रशासन प्रमुख** | लेखापाल श्री भुपेन्द्र प्रसाद यादव | २०७४।०४।०१ | २०७४।१०।२९ | |
| | स.ले.पा. श्री लिलाराज श्रेष्ठ | २०७४।११।०१ | २०७४।११।३० | |
| | लेखापाल श्री वालगोविन्द साह | २०७४।१२।०१ | २०७५।३।३२ | |
| | लेखापाल श्री भरत दास | हाल | | |

**स्थापना, उद्देश्य र कार्यक्षेत्रः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा  प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । २ नं. प्रदेशमा अवस्थित यस नगरपालिका अर्न्तगत .७. वडा, मनोनितसमेत ३९. सभा सदस्य रहेका छन् । ३१ व.की.मी.क्षेत्रफल ओगटेको यस गाँऊपालिकाको घरधुरी ६५५४ र जनसंख्या २३०३५ रहेको छ। यसको कार्यक्षेत्र छिन्नमस्ता गाऊपालिकामा रहेको छ ।

१. **स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता  र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आय-व्यय हिसावको आर्थिक वर्ष २०७४।७५ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

बजेट उपशीर्षक विभिन्न कार्यालय: श्री .छिन्नमस्ता गाऊ पालिका, गाऊँ कार्यपालिकाको कार्यालय, छिन्नमस्ता, सप्तरी । आर्थिक वर्ष: २०७४।७५

## संचित कोषको विवरण

आर्थिक वर्ष २०७४।७५

| आय | | | | व्यय | | | |
|---|---|---|---|---|---|---|---|
| सि न | ब.उ.शी.नं. | विवरण | रुकम रु. | सि न | ब.उ.शी.नं. | विवरण | रुकम रु. |
| १ | | **गत आ.ब.को मौज्दात अल्या** | **11081707.71** | १ | | **चालु खर्च** | 0.00 |
| २ | | क) नगद | 0.00 | २ | | आन्तरिक श्रोत | 0.00 |
| ३ | | ख) बैंक | 0.00 | ३ | ८०१४९३३ | वित्तिय समानिकरण अनुदान | 25074735.00 |
| ४ | | ग) धरौटी खाता | 21803.00 | ४ | ८०१४९३३ | सशर्त अनुदान | 62981000.00 |
| ५ | | घ) कर्मचारी कल्याण कोष खाता | 0.00 | ५ | ३६५०१५३ | सामाजिक सुरक्षा अनुदान | 28365000.00 |
| ६ | | आन्तरिक श्रोत आम्दानी | 337302.25 | ७ | ३६५८१९३ | स्थानिय विकास तथा सा.वि. | 426000.00 |
| ७ | | वित्तिय सामानिकरण अनुदान | 163158000.00 | ८ | ३६५८४५३ | गरिब सँग विश्वेश्वर कार्यक्रम | 0.00 |
| ८ | ८०१४९३३ | शसर्त अनुदान | 62981000.00 | ९ | ३६५८४७३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | 1040000.00 |
| ९ | ३६५०१५३ | सामाजिक सुरक्षा अनुदान | 34176000.00 | १० | ३६५८५२३ | सीमाक्षेत्र विकास कार्यक्रम | 2023500.00 |
| १० | ३६५८१९३ | स्था.शा.तथा सा.वि.कार्यक्रम | 426000.00 | | ६०१०१४३ | सञ्चित बिदा | 536335 |
| ११ | ३६५८१९४ | स्था.शा.तथा सा.वि.कार्यक्रम | 498330.00 | ११ | ६०१०१८३ | औषधी उपचार | 506995 |
| १२ | ३६५८४५३ | गरिब सँग विश्वेश्वर कार्यक्रम | 0.00 | १२ | | यूनिसेफ | 785200.00 |
| १३ | ३६५८४७३ | बहुक्षेत्रीय पोषण कार्यक्रम | 891800.00 | १३ | | कन्टिजेन्सी | 0.00 |
| १४ | ३६५८५२३ | सीमाक्षेत्र विकास कार्यक्रम | 2023500.00 | १४ | | **पुँजीगत खर्च** | |
| १५ | ३६५८५२४ | सीमाक्षेत्र विकास कार्यक्रम | 26289510.00 | १५ | ८०१४९३३ | बित्तिय समानिकरण अनुदान | 58492671.90 |
| १६ | ६०१०१४३ | संचित विदा | 536335.00 | १६ | ३६५८१९४ | स्था.शा.तथा सा.वि.कार्यक्रम | 498330.00 |
| १७ | ६०१०१८३ | औषधि उपचार | 506995.00 | १७ | ३६५८५२४ | सीमाक्षेत्र विकास कार्यक्रम | 26289510 |
| १८ | | पर्यटन पूर्वाधर विकास | 1959998.00 | १८ | ३२५१०६४ | पर्यटन पूवाधार विकास | 1959998.00 |
| १९ | | पूरातत्विक संरक्षण | 1999476.00 | १९ | ३२५१११४ | पूरातात्विक संरक्षण | 1999476.00 |
| २० | | यूनिसेफ | 1140200.00 | २० | ३६५८४५३ | गरिब सँग विश्वेश्वर कार्यक्रम | |
| २१ | | बाढी पिडित राहत अनुदान | 0.00 | २१ | | **धरौटी फिर्ता** | 121803.00 |
| २२ | | कन्टिजेन्सी | 0.00 | २२ | | **बैंक तथा नगद मौज्दात** | 82311995.62 |
| २३ | | धरौटी | 145903.00 | २३ | | **धरौटी मौज्दात** | 45903 |
| | | **जम्मा** | **308173859.96** | | | **जम्मा** | **293458452.87** |

क्रमश:

बजेट उपशीर्षक विभिन्न कार्यालयः श्री .छिन्नमस्ता गाऊ पालिका, गाऊँ कार्यपालिकाको कार्यालय, छिन्नमस्ता, सप्तरी । आर्थिक वर्षः २०७४।७५

| सि न | भौ न र मिति | लेखापरिक्षणबाट देखिएका व्यहोराहरु | रकम | फछ्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| 2. | | **वित्तिय विवरणको यथार्थताः** गाऊँपालिकाले लेखापरिक्षणकालागी पेश गरेको एकिकृत आय व्यय हिसावमा कार्यालय प्रमुखले प्रमाणित नगरी आर्थिक प्रशासन प्रमुख लेखापालले मात्र प्रमाणित गरेको र कार्यालयको छापसमेत लगाएको छैन । उक्त एकिकृत आयव्यय विवरणको आय र व्यय महलको जम्मा जम्मी मिलेको छैन । यसले गाऊँपालिकाको बैक मौज्दातमा असर पारेको छ । यसमा देहायका व्यहोराहरु देखिएका छन् । | | | |
| 2.1 | | **वजेट पेश गर्ने तथा पारित गर्नेः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । तर नगरसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा संचालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७४ चैत्र ३ गते मात्र स्वीकृत गरेको छ । सभाले २०७४।०४।०१ देखि २०७४।११।३ सम्मको बजेट खर्च समर्थन गरेको देखिएन । अगामी आर्थिक वर्षको आय-व्ययको अनुमान कानूनले तोकेको समयावधि भित्र सम्पन्न गर्न व्यवस्था गर्ने तर्फ ध्यानाकर्षण गरिएको छ । | | | |
| 2.2 | | **खर्च गर्ने अख्तियारी र कार्यविधि** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को आय-व्ययको प्रक्षेपण २०७४ चैत्र ३ गते मा सभावाट स्वीकृत भएकोमा स्वीकृत भएको ७ दिन भित्र प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने २०७४।११।४ मा अख्तियारी उपलव्ध गराएको छ । | | | |
| 2.3 | | **बैङ्क हिसाब समायोजन** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले आर्थिक कारोबारको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको आर्थिक विवरण अनुसार स्थानीय निकायको सञ्चितकोष खातामा धरौटीसमेत मौज्दात रु ८,२३,५७,८९८।६२ र बैंक स्टेटमेण्ट अनुसार रु १०४२७६७९५।०२ देखियो । श्रेस्ता भन्दा बैंक खातामा २१९१८८९६।४० बदि देखिएको छ । कार्यालयले बैंकसमाधान विवरण बनाएको छैन र कार्याललले पेश गरेको आयव्ययको आय पक्ष र व्यय पक्षमा व्यय घटि देखिएको रु १,४७,१५,४०७०९ समेत समायोजन गरि स्थानीय निकायको सन्चित कोष खाता अद्यावधिक गरिनु पर्ने देखिएको रु | 3,66,34,303.49 | | |
| 2.4 | | **वित्तीय प्रगतिको स्थिति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका नगरस्तरिय तथा वडा स्तरिय | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । कार्यालयको समग्रमा वित्तीय प्रगति निम्नानुसार देखिन्छ । बजेटमा भएको व्यवस्था अनुरुप कार्यक्रम, कार्य लक्ष्य र समय विच तादाम्यता मिलाई वित्तीय प्रगति अपेक्षापूर्ण बनाउन आवश्यक छ । | | | |
| | | (तालिका तल) | | | |
| 2.5 | | **योजनागत लक्ष्य प्रगति** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ अनुसार वार्षि प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । त्यस अनुरुप कार्यालयले चालु वर्ष सम्पन्न गरेका, सम्पन्न गर्न बाँकी रहेका तथा सम्पन्न हुन नसकेका योजनाको एकमुष्ठ प्रगति विवरण तयार गर्नु पर्दछ । तर कार्यलयले तयार गरेको छैन । यसबाट योजनागत प्रगति यकिन गर्न सकिएन । योजनाको सम्पूर्ण अभिलेख अद्यावधिक गरी योजनागत प्रगति विवरण तयार गर्न योजना शाखालाई जिम्मेवार बनाइनु पर्दछ । | | | |
| 2.6 | | **योजना र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने र योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दिर्घकालिन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनोटलाई प्राथमिकतामा राखिनुपर्दछ । | | | |
| 3 | | **आन्तरिक नियन्त्रण प्रणाली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक नियन्त्रण सम्वन्धि निर्देशिका तयार गरेको छैन । आन्तरिक नियन्त्रणका सम्बन्धमा देहायको अवस्था देखिएको छ । अत आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धि निर्देशिका तयार गरी कार्यान्वयनमा ल्याईनुपर्ने देखिन्छ । | | | |
| | | क) राजश्व वक्यौता असुली सन्तोषजनक नभएको ।<br>ख) जिन्सी सामानको मर्मत तथा लिलाम विक्रि नगरेको ।<br>ग) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८(१) अनुसार व्यक्तिगत धरौटी खाता अद्याबधिक नराखेको<br>घ) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा खर्च भएको सबै रसिद र बिल भरपाईहरुमा प्रमाणीत गर्ने नगरेको<br>ङ ) इन्धन खर्चको लगबुक राख्ने नगरेको | | | |

| सि.नं | कार्यक्रम | वजेट | खर्च | प्रतिशतमा |
|---|---|---|---|---|
| 1 | समानीकरण अनुदान | 163158000.00 | 8375577.25 | 51=3 |
| 2 | सशर्त अनुदान | 62981000.00 | 57631921.42 | 91=5 |

| | | | | | |
|---|---|---|---|---|---|
| | | च) उपभोक्ता समिति मार्फत भुक्तानी भएको मु.अ.करको जानकारी सम्बन्धीत आन्तरीक राजश्व कार्यालयलाई दिने नगरेको<br>छ) कार्यालयले अन्तर्गतका कर्मचारीहरुको तलबि प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नुपर्नेमा पारित गराएको छैन<br>ज) सवारी साधन मर्मतको म.ले.प. फा.नं. २ नराखेको<br>झ) खरिद आदेश बिना सामान खरिद | | | |
| 4 | | **वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाँउ/नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । सालबसाली सरसफाईको काममा आफ्नो क्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार बजार र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । तर कार्यालयले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सोलार बत्ती, मोटोराइज ट्राइसाईकल, ब्यालर, कम्पोष्ट प्लान्ट सचेतना लगायतको अभियान संञ्चालन गरी वातावरण सुधार गर्ने कार्य भएको छैन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम संचालन गरिनुपर्दछ । | | | |
| 5 | | **पेश्की बाँकीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(३) अनुसार पेश्की फछ्यौंट गर्नुपर्ने र समयमा पेश्की फछ्यौंट नगरेमा सम्पुर्ण पेश्की रकममा म्याद नाघेको मितिले बार्षिक १० प्रतिशत दरले ब्याज समेत असुल गर्ने व्यवस्था छ । कार्यालयको विवरण अनुसार गाउँपालिकाको गत विगतको पेश्की बाँकी रु.४९५७३२९/५३ रहेकोमा यस आ.व.मा निम्न कर्मचारीहरुको नाममा रहेको रु.२२०३१७०।०० पेश्की फछ्यौंट नगरी जम्मा बाँकी रु.७१६०४९९/५९ रहेको छ । उक्त पेश्की नियमानुसार फछ्यौंट गर्नु पर्ने रु | ७१६०४९९/५९ | | |

| पेश्की लिनेको नाम | शिर्षक | कार्यक्रम | पेश्की रु. |
|---|---|---|---|
| सिंहेश्वर महतो (कृषि स) | चालु | वित्तिय समानिकरण चालु | ३३०००।०० |
| संतोष कुमार राय (सु.भा.) | चालु | वित्तिय समानिकरण | १४८१७०।०० |
| सिंहेश्वर महतो | चालु | वित्तिय समानिकरण | १७०००।०० |
| मनोज कुमार झा (का.स.) | चालु | वित्तिय समानिकरण | २५०००।०० |
| पिडित उपभोक्ता समिति | पुँजिगत | वित्तिय समानिकरण | १३०००।०० |
| डिहवार उपभोक्ता समिति | पुँजिगत | वित्तिय समानिकरण | २०००००।०० |
| रा.प्रा.वि.वरही विरपुर | पुँजिगत | वित्तिय समानिकरण | ४०००००।०० |
| शिवजी कुमार मण्डल(मुखिया) | पुँजिगत | वित्तिय समानिकरण | ४०००००।०० |
| भरत प्रसाद गुप्ता (वडा सचिव) | पुँजिगत | वित्तिय समानिकरण | १५००००।०० |
| रा.प्रा.वि.रम्पुरा मोहनपुर | पुँजिगत | वित्तिय समानिकरण | ४०००००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| 6 | | **आन्तरिक आय व्यवस्थापनः** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | | | |
| 6.1 | | **स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन** : स्थानीय सरकार संचालन ऐन, २०६४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्र्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्र्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा प्रोफाइल तयार गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ अभिलेख व्यवस्थापन गर्न जरुरी छ । | | | |
| 6.2 | | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निधारंण समितिले गाँउ/नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । कार्यालयले पेश गरेको आय-व्ययको आन्तरिक आयतर्फ आर्थिक वर्ष २०७४।७५ मा मालपोत, कर, सेवा शुल्क, दस्तुर अनुमानित रु. ... प्राप्त हुने प्रक्षेपण गरेकोमा रु. 337302.25 अर्थात अनुमान भन्दा ... प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धी गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | | | |
| 6.3 | | **एकीकृत विवरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकिकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकिकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोवार समेटेको छैन । विभिन्न समयमा महिला विकास, जि.स.स., म.स्वा.से लगायतको बिंऊ पूँजी तथा अन्य आयको हिसावमा खुलासासमेत नगरेको स्थिति छ । थप श्रोत पहिचान गरी कारोवार समेटनु पर्दछ । | | | |
| 6.4 | | **बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौतासमेत असुली गर्ने व्यवस्था छ । कार्यालयले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तःशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरेवाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्नेतर्फ ध्यान दिनु जरुरी छ । | | | |
| 6.5 | | **आन्तरिक आय** : कार्यालयले यो वर्ष रु. 337302.25 आन्तरिक आय प्राप्त गरेकोमा कार्यालय अन्तर्गतका ७ वटा वडाको आम्दानीसमेत एकमुष्ट केन्द्रले दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट कुन वडाले कार्यालयको आयमा गरेको योगदान एकिन हुन सकेन । अतः कार्यालयले प्रत्येक | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख राखि सोहि अनुसार दाखिला गर्ने व्यवस्था मिलाउनुपर्ने र प्रत्येक वडाले मासिक आय विवरण तयार गरि कार्यालयमा पठाउने र कार्यालयले वडागत विवरणसमेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | | | |
| 6.6 | | **राजश्वको अभिलेख** : आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष राजश्व आम्दानीको म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौचर उठाएको देखिएन । साथै असुली रकम भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । नियमावलीको व्यवस्था अनुसार असुली रकम समयमै दाखिला गर्नुपर्ने र म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ राखि राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । | | | |
| 6.7 | | **भूमीकर (मालपोत)**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५६ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको जग्गामा त्यस्तो जग्गा उपयोगका आधारमा भूमीकर (मालपोत) लगाउन सक्ने उल्लेख छ । कार्यालयले यो वर्ष वडा कार्यालयहरु मार्फत भूमीकर (मालपोत) तथा एकिकृत सम्पत्तीकरसमेत रु. 337302/25 संकलन गरेको विवरण पेश गरेको छ । उक्त आयको श्रोतगत अभिलेख राखेको देखिएन । अतः अभिलेख व्यवस्थित बनाई भूमीकर (मालपोत) असूलीमा वृद्धि ल्याउनुपर्दछ । | | | |
| 6.8 | | **व्यवसाय कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष कार्यालयले व्यवसाय कर संकलनको सोप सम्बन्धि अभिलेख राखेको देखिएन । कार्यालयले व्यक्तिगत स्वघोषणाका आधारमामात्र व्यवसाय दर्ता तथा नविकरण गर्ने गरेको रा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गर्ने गरेको छैन । अतः आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | | | |
| 6.9 | | **सवारी कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा स्थानीय तहले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । यस वर्ष कार्यालयले सवारी दर्ता लगत तयार नगरेकोले सवारी दर्ता संख्या तथा राजश्व असुलीको अवस्था यकिन गर्न सकिएन । अतः सम्वन्धित निकायसँगको समन्वयमा सवारी साधनको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउनेतर्फ ध्यान दिनु जरुरी छ । | | | |
| 6.10 | | **मनोरञ्जन कर** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ मा कार्यालयले यस शीर्षकमा कर संकलन गरेको देखिएन । कार्यालयले क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | | | |
| 6.11 | | **आय रसिदः** आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम (९) अनुसार करदाता वा सेवाग्राहीवाट | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्राप्तहुने राजश्व राजश्व दाखिला जम्मा गर्नु कार्यालयले नगद संकलन गरी बैकमा दाखिला गरेको बैंक भौचर समेतको सम्बन्धीत खातामा प्रविष्टी गरी श्रेस्ता राख्नुपर्ने, नगद राजश्व आम्दानी बैंक दाखिला विवरणमा प्रविष्टी गर्नु पर्ने, कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजश्व रकम अनिवार्य रुपमा आम्दानी रसिद काटी सम्बन्धीत खातामा आम्दानी जनाउनु पर्ने व्यवस्था छ । तर यस कार्यालयमा विभिन्न वडा कार्यालयहरुमा पञ्जिकरण दर्ता, सिफारिस दस्तुरको संकलन गर्दा केही राजश्व रसिद नकाटी दाखिला गर्ने तथा समयमा नै दाखिला नगर्ने गरेको देखिएकोले रसिद काटेर मात्र सेवा दस्तुर संकलन गरी सो कानुनमा भएको व्यवस्था बमोजिमको समय भित्र दाखिला गरिनु पर्ने देखिन्छ । | | | |
| 7 | | **सार्वजनिक खरिद व्यवस्थापनः** यसमा देहायका व्यहोराहरु देखिएका छन् - | | | |
| 7.1 | | **विद्युतीय लेखा** : स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा गाउँ/नगरपालिका कार्यालयहरुले महालेखा नियन्त्रक कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराउने Sub National Treasury Regulatory Application (SUTRA) को प्रणाली प्रयोग गरी लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले सांग्रीला माईको सिस्टम प्रा.लि.बाट देहायका सफट्वेयरहरु खरिद गरेको देखियो । लेखापरिक्षण अवधि २०७५ मा १५ मा उक्त सफट्वेयरहरु प्रयोगमा रहेको छैनन् । इको प्लस प्रा.ल.सँग सफटवेयर जडानको लागि गरेको सम्फौता दफा २ मा दैनिक भत्ता रु. २०००।०० दिनु पर्ने र दफा ३ मा एक वर्ष पछि प्राविधिक सेवा दिनु पर्ने २० प्रतिशत शुल्क लाग्ने गरि र वील वमोजिमको भ्रमण खर्च प्राविधिक सेवा दिने सफटवेयर संचालन सम्बन्धी तालिम दिने उल्लेख भए तापनि कार्यालयको कर्मचारीहरुका अनुसार सेवा प्रदायकले संचालन सम्बन्धी तालिम नदिएको जानकारी जानकारी गराएका थिए । यसरी जडान गरिएका सफटवेयरहरु close circute television (cctv) मा चालु हालतमा रहेको छ । एकिकृत सम्पती कर लागु नै नभएको गाउँपालिका सवै वडाहरुमा समेत एकिकृत सम्पतीको करहरुको सफट्वेयर विस्तारलाई तिब्रता दिएको, आय लेखा र खर्च लेखा सफटवेयर जडान भएतापनि सवै श्रेस्ता म्यानुवलमा नै राखिएको देखियो । यसवाट सफटवेयर जडानको खर्च रु. | १५,९०,२०१।- | | |

| भौ.नं. र मिति | सेवाप्रदायकको नाम | सफटवेयरको विवरण | रकम रु. |
|---|---|---|---|
| १६-२०७४।९।१७ | सांग्रिलामाइक्रोसिस्टमलि. | खर्च लेखा सफटवेयर | १९९८९७।०० |
| १२९-२०७५।२।२५ | प्रोटोकलइन्टरनेशनल कन्सलटेन्सी प्रा.लि. | आय लेखा सफटवेयर | १९९८९७।०० |
| १३०-२०७५।३।२५ | इको प्लस प्रा.लि. | एकिकृत सम्पती कर सफटवेयर | ३९९९०७।०० |
| १३१-२०७५।३।२५ | सांग्रिला इन्फोमेटिक्स प्रा.लि. | एकिकृत सम्पती कर प्रणली लाई ७ वटै वडामा विस्तारित | ३९५०००।०० |
| १३२-२०७५।३।२५ | फोनिक्स सोलुशन | ७ वटै वडामा आय लेखा प्रणली विस्तार गर्ने | ३९५५००।०० |
| १३७-२०७५।३।२५ | ए.भि.एस.ट्रेडर्स | सि.सि.टि.भि.जडान खर्च | ३४७७४५।०० |
| १२६-२०७५।३।१७ | नेचुरल साइन्स प्रा.लि. | सवै वडामा अनलाइन सेवा प्रवाहकोलागि वाइरलेस | ७७६६७८।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| 7.2 | | **टुक्रापारी खरिदः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९ र १० अनुसार लागत अनुमान तयार गर्नु पर्ने र नियम ३१ अनुसार रु २० लाख भन्दा बढि भए बोलपत्र खरिद गर्नुपर्ने र नियम ८५ (१ख) अनुसार पटक पटक गरि खरिद गर्न नहुने व्यवस्था छ । तर कार्यालयले वित्तिय समानिकरण | | | |

पूँजीगत अन्तरगत देहाय अनुसार टुक्रा टुक्रा पारी रु ५ लाख भन्दा घटिको लागत अनुमान तयार गरि सोभै खरिद गर्ने गरेको देखियो । यसबाट नियमावलीको कार्यान्वयन एवं प्रतिस्पर्धात्मक खरिद प्रणालीबाट हुने खरिदको मितव्ययितामा असर परेको छ । यसको कारण नियमको अनुशरण नगरिनु हो । अत: नियमावलीको व्यवस्थाको कार्यान्वयन गरी मितव्ययि रुपमा खरिद तथा निर्माण गर्नु पर्ने साथै देहायको खर्च नियमित नदेखिएको रु

| भौ.नं. र मिति | कामको विवरण | आपुर्तक/सेवा प्रदायक | खर्च रु. |
|---|---|---|---|
| ८-२०७४।७।१९ | ल्यापटप, व्याट्री खरिद | पि.सि.क्लिनिक | २९४२५२ |
| ३-२०७४।३।२७ | फोटोकपी प्रिन्टर | लहान अटोमेशन सेन्टर | १४४३७५ |
| २१-२०७४।१०।२९ | ओपो एफ ३ मोवाइल | न्यू माइक्रोल्याण्ड कम्प्यूटर | ४७४६० |
| २३-२०७४।१०।२९ | क्यामेरा | न्यू माइक्रोल्याण्ड कम्प्यूटर | २२६०० |
| २५-२०७४।१२।५ | ल्यापटप | पि.सि.क्लिनिक | ८९२७० |
| ३६-२०७५।१।२४ | प्रिन्टर, टेलिफोन | वेस्ट आइ टि प्राइम डट कम | ४५२२२६ |
| ४३-२०७५।२।१० | मोवाइल | दुर्गा जनरल स्टोर्स | ६०००० |
| १५-२०७४।९।१६ | कुर्सी, टेवुल, फर्निचर | शिवम ट्रेडिङ्ग | ८३६२० |
| ५-२०७४।७।१५ | कुर्सी, टेवुल, फर्निचर | मा डेकोर | ५७१६६७ |
| १९-२०७४।१०।२९ | कुर्सी फर्निसिङ्ग | आर्यन ग्रुप | ९१९१४ |
| २०-२०७४।१०।२९ | दराज, स्याक आदी | शिवम ट्रेडिङ्ग एण्ड फिनिसिङ्ग | ४९४६६९ |
| १५६-२०७५।३।२९ | ६ नं.वडा कार्यालय छत ढलान | सुन्दर कन्स्ट्रक्सन फर्सैठ | २९२५६३ |
| १५७-२०७५।३।२९ | विद्युत पोल तथा ट्रान्सफरमर जडान | हेरा कन्स्ट्रक्सन | ४२५९८२ |
| ११।२०७४।८।१३ | शौचालय निर्माण कार्य | सखडेश्वरी शत्तिपिठ कन्स्ट्रक्सन | ३२९५०९ |
| २१।२०७४।१०।२९ | वडा नं.१ शौचालय निर्माण | शान्ति माँ निर्माण सेवा | ४९९४२५ |
| ३१।२०७५।१।१० | वडा नं. ६ सडक स्तोन्नती | भीम निर्माण सेवा | २३५२०० |
| ५४।२०७५।२।१३ | वडा नं.६ पोखरी जनौदार | सक्षमराज कन्स्ट्रक्सन | २९४००० |
| ८१।२०७५।२।२८ | वडा नं६ शितलवावा मन्दिर निर्माण | शान्ति माँ निर्माण सेवा | ४८५७०८ |
| ८८।२०७५।२।२९ | वडा नं.६ कैलुरामको घरदेखि रम्पुरा को पुल सम्म सडक ग्राईभेल | न्यु जलपा निर्माण सेवा | १९६०५५ |

7.3 ३४-०७५।३।२०

**मोटरसाईकल खरिद:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र ११ अनुसार मालसमानको स्पेसिफकिशनको अधिनमा रही लागत अनुमान तयार गर्नु पर्ने र नियम ८५ अनुसार रु ५ लाख सम्म भए सोभै खरिल, नियम ८४ अनुसार रु २० लाख सम्म भए शिलबन्दी दरभाउ पत्र र नियम ३१ अनुसार रु २० लाख भन्दा माथी वढी भए वोलपत्रको माध्यमवाट खरिद गर्नु पर्ने व्यवस्था छ । तर कार्यालयले लागत अनुमान तयार नगरी १४ वटा मोटरसाईकल ७ दिने सुचना प्रकाशन गरी शिलबन्दी कोटेशन र ४ वटा मोटरसाईकल अलग अलग हाते कोटेशनमा र १ वटा मोटरसाईकल सोभै खरिद गरेको देखियो । कार्यालयको आन्तरिक श्रोत प्रयाप्त नभएको अवस्थामा अर्थमन्त्रालयको स्वीकृत नलिई गरेको खर्च नियमित नदेखिएको रु.

४५,६५,०२२/-

| भौ नं र मिति | आपूर्तको नाम | सवारी विवरण | संख्या | दर रु | जम्मा रु |
|---|---|---|---|---|---|
| ३९-२०७५।१।३ | खान अटोमोवाईल्स एण्ड इलेक्टोनिक्स | पल्सर १५० सि सि | २ | 242900 | 485800 |

| | | | | | |
|---|---|---|---|---|---|
| ऐ | ऐ | पल्सर १५० सि सि | १४ | 243586 | 3410274 |
| ३४-२०७५।३।२० | जगदम्बा अटो टेड सेन्टर | यामाहा १५० सि सि | २ | 219900 | 449118 |
| | जम्मा | | | | **4345192** |

7.6 **नन् फाईलर कर विजक :** मूल्य अभिबृधि कर ऐन, २०५२ को दफा १९(१) मा कर दाताहरुले प्रत्येक कर अवधिले कर सो अवधि समाप्त भएको मितिले ३५ दिन भित्र बुझाउनु पर्ने उल्लेख छ । साथै दफा १९(२) मा उक्त अवधिमा कर नबुझाएमा बाँकी रहेको रकममा बार्षिक १० प्रतिशत दरले थप दस्तुर लाग्ने उल्लेख छ । कार्यालयले निम्म अनुसारको कार्यवापत विभिन्न फर्मलाई मुल्य अभिवृधि कर भुक्तानी गरेको उक्त फर्म समय देखि N0n Fiter रहेको कैफियत देखिएकोले नियमावलीको व्यवस्था अनुसार मूल्य अभिवृद्धि कर आन्तरिक राजश्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु. 2,55,573/95

| भौ.नं. र मिति | फर्म | पान न. | बिल नं. र मिति | बिल रकम | मु.अ.कर |
|---|---|---|---|---|---|
| १७।०७४।०६।२७ | एकता ट्रेडर्स एण्ड सप्लायर्स | ६०३१५९५८१ | २१।०७४।५।१० | ८०५५० | 10471.8 |
| १७।०७४।०६।२७ | एकता अफसेट प्रेस | ६००२४९१६७ | १३।०७४।६।७ | ६५२०० | 8476 |
| १८।०७४।६।२७ | दिप ट्रेडर्स एण्ड सप्लायर्स | ६०३१५९७९० | ४०।०७४।६।२० | ३३९६० | 4414.8 |
| १८।०७४।६।२७ | | ६०३१५९७९० | ४१।०७४।६।२० | ५०९०० | 9617 |
| ४८।०७४।९।१६ | दिप ट्रेडर्स एण्ड सप्लायर्स | ६०३१५९७९० | १००।०७४।९।२ | ५१५३० | 6698 |
| ४९।०७४।९।१६ | | ६०३१५९७९० | १०१।०७४।९।२ | ३३२५० | 4322 |
| ५१।०७४।९।१६ | एकता ट्रेडर्स एण्ड सप्लायर्स | ६०३१५९५८१ | १०३।०७४।९।५ | ३०९९० | 4028.7 |
| ५०।०७४।९।१६ | | ६०३१५९५८१ | १०२।०७४।९।४ | ५०९८० | 6627.4 |
| ७१।०७४।१०।२९ | दिप ट्रेडर्स एण्ड सप्लायर्स | ६०३१५९९० | १३४।०७४।१०।१७ | ४९१४० | 6388. |
| ७२।०७४।१०।२९ | एकता ट्रेडर्स एण्ड सप्लायर्स | ६०३१५९५८१ | ११२।०७४।११।२ | २८५५० | 3711 |
| ७३।०७४।१०।२९ | एकता अफसेट प्रेस | ६००२४९१६७ | २८।०७४।१०।२८ | १७१५००। | 22295 |
| १३५।०७५।३।२० | एकता अफसेट प्रेस | ६००२४९१६७ | ४८।०७४।२।२८ | ७४८३५ | 9728.5 |
| १३७।०७५।३।२० | एकता ट्रेडर्स एण्ड सप्लायर्स | ६०३१५९५८१ | १९७।०७५।३।१० | ७४३०० | 9659 |
| १३७।०७५।३।२० | एकता ट्रेडर्स एण्ड सप्लायर्स | ६०३१५९५८१ | १९६।०७५।२।२३ | १११५४५ | 14500.85 |
| १३७।०७५।३।२० | एकता ट्रेडर्स एण्ड सप्लायर्स | ६०३१५९५८१ | १९५।०७५६।२।२१ | ५१०१० | 6631.3 |
| १४३।०७५।३।२० | जय माँ काली डिस्ट्रीव्युटर्स एण्ड सप्लायर्स | | ७६१।०७५।२।३१ | ९३४५१ | 12148 |
| | | | ७५७।०७५।२।३१ | ९२३९६।७ | 12011.5 |
| १४८।०७५।३।२० | दिपक ट्रेडर्स एण्ड सप्लायर्स | ६००३४९१६७ | १०।०७५।३।२० | १८२००० | 23660. |
| १५६।०७५।३।२० | दिप ट्रेडर्स एण्ड सप्लायर्स | ६०३१५९७९० | २१६।०७५।२।२५ | ८५४७२ | 11111 |
| | दिप ट्रेडर्स एण्ड सप्लायर्स | | २१५।०७५।२।३० | ४४६२० | 5800.6 |

| | | | | | |
|---|---|---|---|---|---|
| १६९।०७५।३।३१ | एकता ट्रेडर्स एण्ड सप्लायर्स | ६०३१५९५८१ | २४१।०७५।३।२४ | १७६९९०।२५ | 23008 |
| | दिप ट्रेडर्स एण्ड सप्लायर्स | ६०३१५९७९० | २९८।०७५।३।२३ | ३०९७३५ | 40265.5 |
| | | | | | 255573.95 |

7.7 **खर्चको प्रमाण :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) मा खर्च लेख्दा खर्चको वील भरपाई सहितको लेखा राख्नु पर्ने व्यवस्था छ । तर कार्यालयले पूंजीगत खर्च शिर्षकबाट देहायका खर्चको वील भरपाईहरु खर्च साथ राखेको देखिएन । यस वाट खर्च प्रमाणित असर परेको छ । अतः उल्लेखित खर्चका प्रमाण पेश गर्नु पर्ने रु **@$,#$,%@*.@(**

| भौ.नं. र मिति | खर्चको विवरण | रकम |
|---|---|---|
| १०८।०७५।३।१४ | जनसहभागीता केन्द्र नेपाल, सुनसरीलाई वडा नं. ४ मा सामाजिक विकास कार्यक्रम रु १ लाख लक्षित वर्ग रु ६६००० वडा ५ मा लक्षित वर्ग विकास कार्यक्रम रु २ लाख र वडा ६ मा लक्षित वर्ग विकास कार्यक्रम खर्च रु १ लाख समेतको रु | ५१६००० |
| १०-२०७४/९/११ | मुखिया श्री भुवनेश्वर यादवलाई अमानतमा गराएको कार्यको सोधभर्ना गरेकोमा जे.सि.भि.वाट माटो कटान रु १५००० डोर हाजिरी फारम २ थानको रु २५५००, न्यू चाँद इटा उद्योगको रु ६१०२० समेत रु १०१५२० मात्रको खर्चको प्रमाण भएकोमा रु.१८६१४९ सोधभर्ना गरेकोले प्रमाण भन्दा वढी खर्च गरेको | ८४,६२९/- |
| ६३-२०७५/१/२० | सडक मर्मत उपभोक्ता समिति (नखुलेको)लाई भुक्तानी गरेको | ५६६,१०३/७३ |
| १०९-२०७५/२/१५ | सडक मर्मत उपभोक्ता समिति वडा नं.३ | ४२६,४५६/५० |
| ११६-२०७५/२/१७ | दलित सामुदायिक भवन निर्माण खर्च | १८२,११६/०६ |
| १६९-२०७५/३/६ | लक्षितवर्ग विकास कार्यक्रम | २००,०००/- |
| ९४-२०७५/२/९ | रुद्र नारायण मा.वि. रञ्जितपुरलाई वाउण्ड्रीवाल निर्माण ३०००००, कम्प्यूटर खरिद ५००००, र फर्निचर खरिद ८५००० समेत | ४३५,०००/- |
| ९५-२०७५/२/९ | रा.प्रा.वि.रञ्जितपुर माटो पुर्ने र घेरावेरा रु. १६००००, कम्प्यूटर खरिद ५०००० र फर्निचर खरिद ५०००० समेत | २६०,०००/- |
| १०१-२०७५/२/१४ | जनता अधारभुत विद्यालय मुसहरनियाँ फर्निचर खरिद | २००,०००/- |
| | **जम्मा** | **@$,#$,%@*.@(** |

8 **उपभोक्ता समिति :** यसमा देहायका व्यहोराहरु देखिएका छन् ।

8.1 **खर्च सार्वजनिकीकरण र सामाजिक परिक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (७) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नु पर्ने र आफुले गरेको काम कारवाहीका सम्बन्धमा सार्वजनिक खरिद अनुगमान कार्यालयले तोकेको प्रकृया वमोजिम तोकेको अवधि भित्र सामाजिक लेखापरिक्षण गराउनु पर्ने तथा उपनियम (१२) मा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर अधिकांश उपभोक्ता समितिले खर्च

| | | | | | |
|---|---|---|---|---|---|
| | | सार्वजनिकिरण तथा सामाजिक परिक्षण गराउने गरिएको छैन । केही उपभोक्ता समितिले सार्जजनिकिकरण फारम तयार गरेता फारममा आम्दानी श्रोत, खर्च विवरण, मौज्दात, भुक्तानी दिदाँ बाँकी अवस्था योजनाको लक्ष्य प्रगति केही पनि उल्लेख गर्ने नगरेको केवल योजनाको नाम र उपस्थित लाभग्राहीको हस्ताक्षर मात्र रहेको तर त्यसलाई पुष्टयाई गर्ने फाटो प्रमाणहरु केही पनि रहेको देखिएन । यसले योजनाको गुणस्तर र प्रमानिकिकरणमा असर परेको छ । अतः उपभोक्ता समितिवाट सम्पन्न भएका योजनाहरुको खर्च सार्वजनिकिकरणका सामाजिक परिक्षण गराउने व्यवस्थाको अनुसरण गरिनु पर्दछ । | | | |
| 8.2 | | **योजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति द्धारा निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सो को रेखदेख मर्मत सम्भार गर्ने जिम्मेबारी समेत तोकि आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । तर उपभोक्रा समितिद्धार निर्माण सम्पन्न भएको योजनाहरु कार्यालयले रेखदेख मर्मत सम्भारको जिम्मेबारी सहित समुदायलाई हस्तान्तरण गर्ने गरेको छैन यसवाट सम्पन्न योजनाको उपभोक्ता, मर्मत सम्भार, रेखदेख र स्वामित्व एवम योजनाको निरन्तरतामा असर परेको छ । अतः सम्पन्न योजनाहरु उपभोक्ता समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्ने गरिनु पर्दछ । | | | |
| 10 | | **पन्जिकरण तथा सामाजिक सुरक्षा खर्चः** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | | | |
| | | **सामाजिक सुरक्षा भत्ता पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७३(३)अनुसार पेश्की फर्छ्यौट गर्नुपर्ने र समयमा पेश्की फर्छ्यौट नगरेमा सम्पुर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असुल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार गाउँपालिकाको सामाजिक सुरक्षा भत्ता तर्फ निम्न ७ कर्मचारीको नाममा रहेको पेश्की फर्छ्यौट नभई बाँकी रहेकोले नियमानुसार फर्छ्यौट गर्नुपर्ने देखिएको रु | ३,३६,२००।०० | | |
| 10.1 | | (तलको तालिका) | | | |

| पेश्की लिनेको नाम | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|
| ओम प्रकाश ठाकुर | | २६८००।०० | २६८००।०० |
| भरत प्रसाद गुप्ता | ० | ६७२०० | ६७२००।०० |
| सीताराम राय | ० | ३०४००।०० | ३०४००।०० |
| सत्य नारायण ठाकुर | ० | ७६८००।०० | ७६८००।०० |
| राजेन्द्र प्रसाद ममण्डल | ० | २८०००।०० | २८०००।०० |
| शंकर यादव | ० | ३४०००।०० | ३४०००।०० |
| जितेन्द्र कुमार झा | ० | ७३०००।०० | ७३०००।०० |
| | | | ३३६२००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| 10.2 | | **चौमासिक प्रोफाइल :** सामाजिक सुरक्षा संचालन कार्यविधि २०७२ अनुसार सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुले प्रत्येक चौमासिक लाभग्राही खाता तयार गर्नु पर्दछ । यस गाउँपालकि अर्न्तगत वडा कार्यालयहरुले कार्यविधिमा व्यवस्था भए वमोजिम लाभग्राही अभिलेख खाता तयार गरेको तथा बैकिङ्ग प्रणलि मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेको देखिएन जसले गर्दा के-कति लाभग्राही | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सामाजिक सुरक्षा भत्ता वापत प्राप्त गर्ने के-कतिले लगत कट्टा भएको हो सो यकिन हुन सकिएन अतः चौमासिक लाभग्राही अभिलेत खाता तयार गर्नु पर्दछ । | | | |
| 10.3 | | **वील भरपाई** : आर्थिक कार्यविधि नियमावली २०६४ को ३६ (३) मा खर्च गर्दा खर्चको वील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न वडामा सामाजिक सुरक्षाभत्ता वितरण पश्चात बाँकी रहेको रकम पेश्की फर्छ्यौटमा संचित कोषमा फिर्ता नगरि राखिएको पाइयो । अतः निम्न वडाका तपसिलका कर्मचारीहरु मार्फत असुल गरि दाखिला गर्नु पर्ने रु | ३४८८००।०० | | |

| चौमासिक | पेश्की लिने | पेश्की रु. | पेश्की फर्छ्यौट | बाँकी रु. |
|---|---|---|---|---|
| पहिलो | भरत प्रसाद गुप्ता(वडा न.२) | १९८२४००।०० | १९२३२००।०० | ५९२००।०० |
| प्रथम | सिताराम राय (वडा नं.३) | २५८८०००।०० | २५४८०००।०० | ४००००।०० |
| प्रथम | सत्य नारायण ठाकुर वडा नं.४ | २७६४०००।०० | २७६००००।०० | ४०००।०० |
| प्रथम | जितेन्द्र कुमार झा, वडा नं.७ | ११३६०००।०० | ११२८८००।०० | २३२००।०० |
| दोस्रो | ओम प्रकास ठाकुर वडा नं. १ | १९६९६००।०० | १९४२८००।०० | २६८००।०० |
| दोस्रो | भरत प्रसाद गुप्ता, वडा नं. २ | १८९७६००।०० | १८८९२००।०० | ८४००।०० |
| दोस्रो | सत्य नारायण ठाकुर वडा नं. ४ | २८०२४००।०० | २७२९६००।०० | ७२८००।०० |
| दोस्रो | राजेन्द्र प्रसाद मण्डल वडा नं. ५ | २१४१६००।०० | २११३६००।०० | २८०००।०० |
| दोस्रो | शंकर यादव वडा नं.६ | १७१२०००।०० | १६७५६००।०० | ३६४००।०० |
| दोस्रो | जितेन्द्र कुमार झा, वडा नं.७ | १२५७०००।०० | १२०७०००।०० | ५००००।०० |
| | **जम्मा** | | | **३४८८००।००** |

| | | | | | |
|---|---|---|---|---|---|
| 11 | | **जनशक्ति व्यवस्थापनः** यसमा देहायका व्यहोराहरु देखिएका छन्: | | | |
| 11.1 | | **कर्मचारी व्यवस्था** : निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार कर्मचारी दरवन्दी ४३ रहेपनि स्थायी १३, आन्तरिक १० समेत २३ पदपूर्ति भई २० पद रिक्त रहेका छन । अतः आवश्यक पदहरु पदपूर्ति गर्ने पहल गर्नु पर्ने देखिन्छ । | | | |
| 11.2 | | **तलबी प्रतिबेदन** : स्थानिय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । कार्यालयले जनस्वास्थ्य कार्यक्रमका लागि विनियोजीत बजेटबाट रकमान्तर गरी सेवा करार नियुक्त ल्याव असिस्टेन्स राजेश कुमार यादवलाई नियक्त गरी तलव भत्ता खर्च लेखेको देखियो । अतः तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | | | |
| 12 | | **तलव भत्ता र थप सुविधाः** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | | | |
| 12.1 | | **बढी भुक्तनी** : करारमा कार्यरत कर्मचारीहरुलाई सेवा करारमा उल्लेखित सम्झौता बमोजिमको भुक्तानी दिनुपर्दछ । कार्यालयले कार्यालय सहयोगीमा करारद्धारा लडुराम र नुनु कुमार रायलाई प्रति महिना ८,०००।०० | $*,))).)) | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | को दरले तलब दिने गरि मिति २०७४।७।१ देखि २०७४।१२।३० सम्मको करार गरेको छ । तर कार्यालयले गो.भौ र मिति १००-०७५।१।१० मार्फत श्रावण देखि फाल्गुन सम्म १,२८,०००।०० र पुन: चैत्र महिनाको तलब भुक्तानी दिएकोमा श्रावण देखि असोज ३ महिनाको रु. ४८०००।०० बढी भुक्तानी भएको छ । अत बढी भुक्तानी भएको रकम असुली गरि दाखिला गर्नुपर्ने रु. | | | |
| 12.2 | | **आवासिय भत्ता** २०७५।२।२४ गते बसेको गाउँकार्यपालिकाको निणर्य नं.१० मा प्रमुख प्रशासकिय अधिकृतलाई आवासिय भत्ता भुक्तानी वापत रु ७०००। दिने निणर्य भएकोमा गो.भौ.नं. र मिति १४७।०७५।३।२० मा निणर्य हुनु अधिल्ले ९ महिनाको प्रति महिना रु ७०००को दरले रु ६३०००।०० मा भडा कर वापत रु ६३००।०० कट्टी गरी जम्मा रु ५६७००।०० खर्च लेखेको छ । गाउँकार्यपालिकाले गरेको निर्णय भन्दा अघिको आवासिय भत्ता वापतको भुक्तानी गरेको रकम प्रमुख प्रशासकिय अधिकृत रमेशप्रसाद यादवबाट असुली गरि दाखिला गर्नु पर्ने रु. | ५६,७००।०० | | |
| 12.3 | | **निर्वाचित पदाधिकारीलाई भत्ता सुविधा:** यसमा देहायका व्यहोराहरु देखिएका छन् । | | | |
| | | **बैठक तथा अनुगमन भत्ता सुविधा:-** प्रदेश नं. दुई दारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ४ मा मासिक सुविधा पाउने पदाधिकारीहरुले सभा वा स्थानीय तहको कुनै पनि समिति वा उपसमितिले बैठकमा भाग लिएको बैठक भत्ता पाउने व्यवस्था गरेको छैन् । तर यस गाउँपालिकाले मासिक सुविधा पाउने पदाधिकारीहरुलाई अनुगमन लगायतका बैठक भत्ता देहाय अनुसार रु भुक्तानी गरेको देखियो । यसबाट ऐनमा भएको व्यवस्थाले अनुगशरणमा असर परेको छ। अत उक्त भत्ता रकम असुल गर्नुपर्ने देखिएको रु | 12,29,587 /- | | |

| खर्च शीर्षक | भौ.नं. र मिति | खर्च विवरण | खर्च रु. | कर कट्टी | खुद भुक्तानी |
|---|---|---|---|---|---|
| पुँजीगत खर्च | ३०-२०७५।१।१० | वडा नं.५ का वडा अध्यक्ष श्री शिव शंकर पंडित | 2000 | 300 | 1700 |
| वितिय समानिकरण | ८३।०७५।२।२८ | उपाध्यक्ष उषा कुमारी मंडल अनुगमन भत्ता | 8000 | 1200 | 6800 |
| | १०९।०७५।३।१४ | गा.पा. अध्यक्ष सुर्य नारायण भण्डल अनुगमन भत्ता | 2000 | 300 | 1700 |
| | १२०।०७५।३।१७ | गा.पा.उपाध्यक्ष उषा कुमारी मण्डल | 8000 | 1200 | 6800 |
| | 36.074.8.06 | अध्यक्ष सुर्य नारायण भण्डल र उपाध्यक्ष उषा कुमारी मण्डल - अभिमुखिकरण कार्यक्रममा सहभागिता भत्ता ) | 6000 | 900 | 5100 |
| | 58.074.9.18 | सदस्य दिपेन्द्र कुमार यादव (अभिमुखिकरण कार्यक्रममा सहभागिता भत्ता | 3000 | 450 | 2250 |
| | 46.074.12.23 | कार्यपालिकाले बैठक (०७४।६।२५ देखि ०७४।९।५ सम्म बैठक सं.३ | 45000 | 6975 | 39525 |
| | 81.074.12.12 | अध्यक्ष सुर्य नारायण मण्डल (सुचना अधिकृत पदको पदपुर्ति समितिको बैठक भत्ता ) | 1000 | 150 | 850 |
| | 83.074.12.21 | बरही बिरपुर वडा नं.१ वडा अध्यक्ष बिनोद कुमार यादव सहित ५ पदाधिकारी | 25500 | 3825 | 21675 |
| | | सखडा वडा नं.३ वडा अध्यक्ष दिपेन्द्र कुमार यादव सहित ५ जना | 66000 | 9900 | 56100 |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | तिलाठी वडा नं.४ वडा अध्यक्ष रमानन्द पण्डित सहित ५ जना | 49500 | 7425 | 42075 | | |
| | | | | लोखरम वडा नं.५ वडा अध्यक्ष शिव शंकर पण्डित सहित ५ जना | 49500 | 7425 | 42075 | | |
| | | | | को.बखारी वडा नं.६ वडा अध्यक्ष विरेन्द्र साह सहित ५ जना | 48500 | 7275 | 41225 | | |
| | | | | हाटि वडा नं.७ वडा अध्यक्ष सहित | 60500 | 9075 | 51425 | | |
| | | | 118.075.2.29 | अध्यक्ष सुर्य नारायण मण्डल सहित १५ जना पदाकिकारी का.बैठक | 208500 | 31275 | 177225 | | |
| | | | 146.075.3.20 | बरही विरपुर वडा नं.१ वडा अध्यक्ष विनोद कु यादव सहित ५ पदाधिकारी वडा वैठक भत्ता पौष देखि अषाढ सम्म | 103500 | 15525 | 87975 | | |
| | | | | महुवा वडा नं.२ वडा अध्यक्ष चुनचुन साह सहित ५ जना पादाधिकारी वडा वैठा भत्ता | 130000 | 19500 | 110500 | | |
| | | | | सखडा वडा नं.३ वडा अध्यक्ष दिपेन्द्र कुमार यादव सहित ५ पदाधिकारी वडा वैठक भत्ता | 82500 | 12375 | 70125 | | |
| | | | | ललापट्टी वडा नं.४ वडा अध्यक्ष रामानन्द पण्डित सहित ५ पदाधिकारी वडा बैठक भत्ता | 94000 | 14100 | 79900 | | |
| | | | | को बखारी वडा नं.६ वडा अध्यक्ष विरेन्द्र प्रसाद साह सहित ५ जना पदाधिकारी वडा वैठक भत्ता | 93500 | 14025 | 79475 | | |
| | | | | हाटी वडा नं.७ वडा अध्यक्ष विन्देश्वर यादव सहित पदाधिकारी | 76500 | 11475 | 65025 | | |
| | | | 159.075.3.31 | वडा नं.५ वडाध्यक्ष शिव शंकर पण्डित सहित ५ पदाधिकारी १५०० दरले बैठक संख्या १८ | 99000 | 14850 | 84150 | | |
| | | | 121.075.3.6 | वडा नं.१ वडा अध्यक्ष विनोद कुमार यादव योजनाहरुको अनुगमन ( ०७५।२।२१ देखि २०७५।२।२५) | 4000 | | 4000 | | |
| | | | | उपाध्यक्ष उषा कुमारी मण्डल योजनाहरुको अनुगमन (०७५।२।२० देखि ०७५।२।२०) | 2600 | | 2600 | | |
| | | | | कार्यपालिकाको सदस्य जितादेवी - योजना अनुगमन ०७५।२।२१ देखि ०७५।२।२५ | 4000 | | 4000 | | |
| | | | 151.075.3.31 | वडा नं.२ वडा अध्यक्ष चुनच्न साह सिमाक्षेत्र विकास कार्यक्रम अनुगमन ( ०७५।३।४ देखि ०७५।३।१०) | 10000 | | 10000 | | |
| | | | | वडा नं.१ वडा अध्यक्ष विनोद कुमार यादव योनाहरुको अनुगमन ( ०७५।३।१६ देखि ०७५।३।२५) | 4200 | | 4200 | | |
| | | | | वडा नं.१ वडा अध्यक्ष विनोद कुमार यादव योनाहरुको अनुगमन (०७५।३।४ देखि ०७५।३।१०) | 4200 | | 4200 | | |
| | | | | वडा नं.१ वडा अध्यक्ष विनोद कुमार यादव योनाहरुको अनुगमन (०७५।३।१ देखि ०७५।३।७) | 4200 | | 4200 | | |
| | | | | वडा नं.१ वडा अध्यक्ष विनोद कुमार यादव योनाहरुको अनुगमन ( ०७५।२।२७ देखि ०७५।२।२१) | 3000 | | 3000 | | |
| | | | 151.075.3.3 | उपाध्यक्ष उषा कुमारी यादव योजनाहरुको अनुगमन (०७५।३।१ देखि | 4200 | | 4200 | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | 1 | ०७५।३।७ | | | | | |
| | | | उपाध्यक्ष उषा कुमारी यादव योजनाहरुको अनुगमन (०७५।३।१६ देखि ०७५।३।२२ | 4200 | | 4200 | | |
| | | | उपाध्यक्ष उषा कुमारी यादव योजनाहरुको अनुगमन (०७५।३।९ देखि ०७५।३।१५ | 4200 | | 4200 | | |
| | | 49.075.3.32 | अध्यक्ष सुर्य नारायण मण्डल सहित १० पदाधिकारीको दर १०००, बैठक संख्या १ | 10000 | 1500 | 8500 | | |
| | | 49.075.3.32 | अध्यक्ष सुर्य नारायण मण्डल १००० दरले बैठक संख्या ३ (०७५।३।१७,१८,१९) | 3000 | 450 | 2550 | | |
| | | 51.075.3.32 | वडा नं. १ वडा सदस्य रञ्जित साह सहित ९ पदाधिकारी बैठक संख्या १ १००० दरले (पशु स्वास्थ्य बाक्षोपन सम्बन्धि शिविर कार्यक्रम (०७५।२।१४) | 9000 | 1350 | 7650 | | |
